# प्रभावकारी सञ्चारका लागि व्यवस्थापन सूचना प्रणाली
# Management Information System (MIS) for Effective Communication)



एकनारायण अर्याल
उपसचिव
नेपाल सरकार

**"Information is prime source of power"**

**१. व्यवस्थापन सूचना प्रणाली (MIS)**

सूचना नै शक्ति हो । नीति वा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनका विभिन्न चरणहरुमा सूचनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सूचनाको संकलन या प्रयोगविना गरिएका नीति वा निर्णयहरुले त्यति पूर्णता प्राप्त गर्न सक्दैनन् । तर सूचनाको उपलब्धताले मात्रै सबै निर्णय लिन सजिलो हुँदैन, त्यसको प्रयोग गर्ने विधि र परिपक्वता र विश्लेषण गर्न सक्ने क्षमताजस्ता विविध पक्षहरुको बारेमा जानकारी पुऱ्याउनु आवश्यक छ ।

व्यवस्थापन सूचना प्रणाली (MIS) व्यवस्थापकलाई योजना तर्जुमा गर्न, कार्य सञ्चालन गर्न, निर्णय गर्न सरल र सहज वातावरण बनाउन प्रयोग गरिने व्यवस्थापनको एउटा अभिन्न अंग हो । यो सूचना एवम् तथ्यांकहरुको एउटा नियोजित व्यवस्था हो । सूचनाहरुको संकलन, वर्गीकरण र प्रशोधन गरी आवश्यक परेको बेलामा कुनै पनि लक्ष्य, उद्देश्य वा कार्यक्रमको प्रयोजनको लागि उपयोग गर्न अपनाइने व्यवस्थित एवम् उपयोगी प्रणालीगत व्यवस्था हो । सार्वजनिक प्रशासनका विविध विषयका निर्णयलाई प्रभावकारी बनाउन नीतिको तर्जुमा, मूल्यांकन र विश्लेषण गर्न सार्वजनिक प्रशासनका सबै क्षेत्र योजना, संगठन, समन्वय, नियन्त्रण, बजेटको तयारी आदि क्रियाकलापमा व्यवस्थापन सूचना प्रणालीको ठूलो योगदान रहेको हुन्छ । संक्षेपमा व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित कार्य प्रणालीको अभिन्न अंगको रुपमा लिन सकिन्छ । प्रसिद्ध व्यवस्थापनविद् Griffin को भनाइमा "Management Information System (MIS) is a system designed to provide Information to managers; hence it is a mechanism for managing the communication process in an organization." संगठनको निश्चित उद्देश्य परिपूर्ति गर्नको लागि संगठनले सञ्चालन गर्ने हरेक क्रियाकलापहरुमा व्यवस्थापन सूचना प्रणालीले रक्तसञ्चारको कार्य गर्दछ भन्ने कुरामा दुई मत छैन ।

- Geographical information system - GIS
- Fiscal Management information system - FMIS
- Human Resource information system - HRIS
- Programme Management information system - PMIS
- Personal Management information system - PIS

**२. व्यवस्थापन सूचना प्रणालीका प्रमुख सात सिद्धान्तहरु (Seven Principle of MIS)**

व्यवस्थापन सूचना प्रणाली निश्चित मूल्य र मान्यता एवम् सिद्धान्तमा आधारित व्यवस्थापनको औजार (tools) हो । प्रभावकारी सञ्चारको व्यवस्थापन प्रयोगमा यसको ठूलो भूमिका रहन्छ । मूलतः व्यवस्थापन सूचना प्रणालीको सैद्धान्तिक पक्षमा हेर्दा निम्न सात सिद्धान्तहरु प्रमुख रहेका छन् ।

- Performance Efficiency
- Information Based decision Making
- Integrated Information Management
- Customer Relations
- Information Synergy - Principle of Networking
- Transparency
- Principle of Access and Protection

### ३. व्यवस्थापन सूचना तर्जुमा (Design of MIS)

संगठनको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि योजना, निर्देशन, समन्वय, नियन्त्रण आदि कार्यको सञ्चालन गर्दा सूचनाको प्राप्ति (संकलन), वर्गीकरण र प्रशोधन गरी व्यवस्थितरुपमा सूचना उपलब्ध गराउने माध्यमको रुपमा यो प्रणालीलाई अवलम्बन गरेको हुन्छ । व्यवस्थापकले आफ्नो संगठनको हितको लागि आन्तरिक वा बाह्य तौरतरिकाबाट सूचना/ तथ्यांक संकलनको व्यवस्था मिलाएको हुन्छ । त्यसरी प्राप्त गरिएका सूचनाहरुलाई उचित समयमा प्रयोग गरी त्यसको सही उपयोगिता प्राप्त गर्ने प्रमुख दायित्व संगठनको व्यवस्थापकमा निहित रहन्छ । संकलन भएका सूचना एवम् तथ्याङ्कलाई वर्गीकरण गर्ने, विश्लेषण गर्ने, भण्डार गर्ने र आवश्यक परेको समयमा सही उपयोग गर्ने गरिन्छ । यो प्रक्रियालाई तलको चित्रबाट प्रस्ट पार्न सकिन्छ ।




यसरी संकलन गरिराखिएको सूचनालाई पछिसम्म सुरक्षित राख्ने सन्दर्भमा विभिन्न नियन्त्रण मापदण्डहरु (Control standards) को प्रयोग गर्ने गरेको पाइन्छ । प्राप्त गरिएका सूचनाहरुलाई व्यवस्थापकले निर्णय गर्दा फेरबदल पनि गर्नुपर्ने हुन सक्छ । संकलित सूचनालाई आधार मानी निर्णय गरेपछि मात्र त्यस्तो निर्णयलाई सार्वजनिक गर्ने गरिन्छ । यस्तो प्रक्रिया पूरा गरी गरिएको निर्णय मात्र पूर्ण हुने हुनाले सबै क्षेत्र र संगठनका विभिन्न क्रियाकलापहरुको सञ्चालनमा MIS ले महत्वपूर्ण स्थान पाएको छ । व्यवस्थापन सूचना तर्जुमा पद्धतिलाई अझ प्रस्ट पार्न देहाएको चित्र प्रस्तुत गरिएको छ ।




### ४. सूचना संकलन मापदण्ड (Standards of Information Collection)

संगठनले सूचनाको आधारमा आफ्नो व्यवस्थापकीय प्रक्रिया सञ्चालन गर्ने भएकोले निश्चित मापदण्ड Minimum **Standard** तयार गरी सूचनाको संकलन गर्नु आवश्यक हुन्छ । जस्तो :

- संगठनले प्रयोग गर्ने सूचना संकलन गरी भण्डार (Storage) गर्नुपर्दछ ।
- सूचनाको प्रयोग सही ढंगबाट नतिजोन्मुख कार्यमा उपयोग गरिनुपर्दछ ।
- गलत सूचना संकलन, प्रवाह एवम् प्रयोग गर्नु हुँदैन ।
- नयाँ सूचना आवश्यकतानुसार संशोधन एवम् परिमार्जन गर्दै लैजानु पर्दछ ।
- सूचना आवश्यकता एवम् उपयुक्तताको आधारमा पछिसम्म सुरक्षित राख्ने वा निरन्तरता दिंदै जानु आवश्यक हुन्छ ।
- सूचना कुनै तथ्य वा आधिकारिकतामा आधारित हुनु जरुरी छ ।
- विद्यमान सूचना पद्धतिलाई नयाँ प्राप्त गरिएको सूचनासँग समन्वय गर्दै लैजानु पर्दछ ।
- सूचनाको भाषा सरल, स्पष्ट र सर्वसाधारणले सजिलै बुझ्ने वा द्वैध अर्थ नलाग्ने खालको हुनुपर्दछ ।
- सूचना कुन विधिबाट संकलन भएको हो, स्पष्ट हुनुपर्दछ ।
- सूचना संकलनमा आधुनिक प्रविधिको उपयोग गर्दै लैजानु पर्दछ ।

Calculation → Classification → Sorting → Storage → Summarization

**५. व्यवस्थापन सूचना प्रणालीका फाइदाहरु (Merits of MIS)**

संगठनमा व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयनबाट मुख्य रुपमा देहायबमोजिम फाइदा हुने अपेक्षा गर्न सकिन्छ ।

- M8, को प्रभावकारी उपयोग - (Men, Money, Materials, Message, Machines, Methods, Market and Monitoring)
- कार्यमा विश्वसनियता (Create Believeness)
- निर्णयमा सर्वमान्यता एवम् एकरुपता (Consistency of Decision)
- संगठनको लक्ष्य प्राप्ति गर्न सजिलो (Goal Achievement)
- पारदर्शिता (Transparency)
- कार्ययोजना बनाउन सहज (Systematic Process / Action Plan)
- कार्यमा सरलता, बढी विश्वासनीयता, कम समय र नतिजापरक (Simplicity and Result Oriented)
- कम जनशक्ति, कार्यमा आधुनिकीकरण एवम् दिगोपना (Modernization / Mobilization of HRD and sustainability)
- दीर्घकालिन योजना बनाउन ठूलो सहयोग (Assist of Longterm Vision)
- सुशासनको प्रत्याभूति प्रदान गर्न सजिलो (Assist of Good Governance)
- व्यावसायिकताको आधारस्तम्भ (Create professionalism)
- नतिजामुखी निर्णय गर्न सकिने (Feedback Collection and Take Result Oriented Decision)
- Automatic Operation of Organization/ Management System

**६. नेपालमा व्यवस्थापन सूचना प्रणालीको प्रयोग (MIS Use in Nepal)**

व्यवस्थापन सूचना प्रणालीले गर्दा संगठनका सम्बन्धित पदाधिकारीहरुलाई फाइदा हुन्छ भन्ने कुरा थाहा हुँदाहुँदै पनि हामीकहाँ यसको प्रयोग ज्यादै न्यून मात्रामा भएको पाइन्छ । हचुवाको भरमा सूचना/तथ्यांक संकलन गर्ने, त्यसको विश्लेषण एवम् विवेचना नगरी नीति निर्माण, कार्यान्वयन गर्ने परिपाटीले गर्दा लक्षित वर्गले त्यसबाट त्यति लाभ हासिल गर्न सकेको पाइँदैन । सरकारको परिवर्तनसँगसँगै योजना तथा नीति तर्जुमामा आउने परिवर्तनले गर्दा कुनै तथ्यको आधारमा नीतिको तर्जुमा भएको होइन भन्ने भान सर्वसाधारणमा रहनु नौलो कुरा होइन । नेपालमा विकासका सूचकहरु महिनैपिच्छे फरक-फरक देखिनु, सरकारका निकायहरुबीच सूचना/तथ्यांकको एकरुपता नहुनु, सम्बन्धित निकायबीच आपसी समन्वय नहुनु आदि MIS प्रयोग नगरिएको कारणबाट प्राप्त नतिजाहरु हुन् भन्न सकिन्छ ।

MIS को प्रयोग खर्चिलो भए तापनि यसको प्रयोगबाट नीति-निर्मातालाई ठूलो सहयोग पुग्छ । हाम्रो जस्तो अति कम विकसित राष्ट्रमा त झन् विभिन्न क्षेत्रगत समस्यालाई सही विश्लेषण एवम् समाधान गरी लक्षित वर्गलाई वढी लाभाविन्त बनाउन र काममा बढी विश्वसनीय वातावरण निर्माण गर्न यसको प्रयोग अत्यावश्यक छ । तुलनात्मक दृष्टिले हेर्दा व्यवस्थापनको माथिल्लो तहमा भन्दा तल्लो तहमा यसको प्रयोग र परिणाम सार्थक, सहज र फलदायी देखिएको छ । MIS को प्रयोग उच्च, मध्यम र सञ्चालन तहमा निम्नबमोजिम गर्न सकिन्छ, जसलाई हाम्रो संगठनको व्यवस्थापनको विविध पक्षमा अनुशरण गर्नु अत्यावश्यक देखिन्छ ।




व्यवस्थापन सूचनाको बढ्दो प्रयोगबाट नै विकासको गतिले नयाँ दिशा लिन सक्छ । त्यसैले गर्दा औद्योगिक मुलुकहरुमा यसको प्रयोग बढी रहेको पाइन्छ । विकास प्रशासन वा सार्वजनिक प्रशासन जुनसुकै क्षेत्रमा यसको प्रयोग तथा कार्यान्वयन गराउन सके लक्षित उद्देश्य प्राप्त गर्न ठूलो योगदान पुग्न सक्ने देखिन्छ । नेपालको

सन्दर्भमा हेर्दा राजनीतिक हस्तक्षेपका कारण यसको उपयोगिता सीमित भएको छ । हामीकहाँ सूचना तथा तथ्यांकको भण्डार उच्च व्यवस्थापनमा सीमित रहनु र मध्यम एवम् तल्लो व्यवस्थापनमा त्यसको प्रवाह हुन नसक्नु प्रमुख चुनौतीको रुपमा रहेको छ । तसर्थ नेपालमा उच्च व्यवस्थापन तहबाट नै व्यवस्थापन सूचना प्रणालीको सही प्रयोग, त्यसको प्रवाह तल्लो व्यवस्थापनसम्म गर्ने र नेतृत्व परिवर्तनसँगै यसको प्रयोग एवम् प्रवाहमा कुनै असर नपर्ने पद्धतिको विकास गरेमा मात्र यसले सही नतिजा दिन सक्छ । यसको प्रयोगबाट राजनीतिक हस्तक्षेप कम हुने, हचुवा योजना एवम् नीति-निर्माण र कार्यान्वयन गर्ने परिपाटीको अन्त्य हुने हुँदा सार्वजनिक एवम् विकास प्रशासनले नयाँ गति लिन सक्छ भन्ने कुराको उदाहरण मलेसिया, सिंगापुर, थाइल्यान्ड, जापानजस्ता नवविकसित देशहरुबाट लिन सकिन्छ । MIS ले निर्णयको आधारविन्दु (Basic Point) को तय गर्दछ । यसको प्रयोगबाट भए/गरेका नीति-निर्णय बढी कार्यान्वयनयोग्य मानिने र विश्वास गर्नलायक हुने कुरामा कुनै शंका छैन ।

### ७. सञ्चारको क्षेत्रमा व्यवस्थापन सूचना प्रणालीको उपयोग (Utility of MIS in Communication Sectors) :–

व्यवस्थापन सूचना प्रणालीले आधुनिक सञ्चारको व्यवस्थापन एवम् विकासमा ठूलो भूमिका खेल्न सक्छ । यसको माध्यमबाट परिवर्तन व्यवस्थापन तथा उपलब्ध ज्ञानलाई व्यवस्थापन गर्न सघाउ पुऱ्याउँछ । सञ्चारको क्षेत्रमा केही समययता नेपाल टेलिकमले पुऱ्याएको सेवा प्रवाहबाट जनतालाई सुसूचित हुने मौका मिलेको छ । दुर्गम तथा पिछडिएको जिल्लाका कुनाकाप्चाबाट आधुनिक सञ्चारमाध्यमको प्रयोग गर्ने अवसर टेलिकमले मिलाएको छ । निजी क्षेत्रसमेतको संलग्नतामा टेलिफोन (मोबाइलसमेत) घनत्व प्रतिहजार ५५ पुगेको मोबाइल टेलिफोन ग्राहक संख्या ९ लाख १६ हजार ६ सय ३९ पुगेको, २ हजार ७ सय ६२ गा.वि.स.मा टेलिफोन सेवा पुगेको र ५८ जिल्लामा इमेल/इन्टरनेट सेवा पुगेको छ । त्यस्तै नेपाल सरकारले आगामी दिनमा सञ्चारलाई घरदैलो र प्रत्येक नागरिकका हातमा पुऱ्याउन "गाउँमा टेलिफोन, हातमा मोबाइल र घरमा इन्टरनेट" को लक्ष्य लिएको छ । टेलिफोन सेवा नपुगेका १ हजार ७ गाउँ विकास समिति प्रत्येकमा कम्तीमा दुई लाइन टेलिफोन पुऱ्याउने गरी कार्यक्रम अगाडि बढाउने प्रण सरकारले गरेको पाइन्छ । विद्यमान अप्टिकल फाइबर, माइक्रोवेभ र स्याटेलाइट लिंकको भरपूर उपयोग गर्दै आधुनिक सूचना प्रविधिमा नागरिकको पहुँच पुऱ्याउन ग्रामीण क्षेत्रमा टेलिसेन्टर स्थापना एवम् ब्रोडब्यान्ड इन्टरनेट सेवाको सञ्जाललाई गाउँसम्म पुऱ्याउने लक्ष्य सरकारले लिएको छ । यसरी आफ्नो सेवा प्रवाहमा जनताको Feed back समेत प्राप्त गरी व्यवस्थापन सूचना प्रणालीलाई Input/suggestion को रुपमा ग्रहण गर्दै सर्वसाधारणलाई सर्वसुलभ सूचना उपलब्ध गराउँदै जानु टेलिकमको कर्तव्यभित्र पर्ने देखिन्छ । e-Governance को प्रयोगबाट सार्वजनिक सेवा प्रवाहमा आधुनिकताको साथै दक्षताको अभिवृद्धि हुँदै जाने हुनाले यसको प्रयोगमा सबैले जोड दिनुपर्ने आवश्यकता रहेको छ ।

आजको लोकतान्त्रिक समाजमा सूचनाको हकलाई मौलिक हकको रुपमा लिइएको छ । यसको प्रयोग प्रत्येक जनताले समयोचित रुपमा समान ढंगले गर्न पाउनु पर्दछ । यसै भावनालाई मूर्तरुप दिन नेपाल सरकारले सूचनाको हकसम्बन्धी ऐन, २०६४ कार्यान्वयनमा ल्याइसकेको पनि छ । सरसर्ती हेर्दा आधुनिक सञ्चारको व्यवस्थापनमा MIS को प्रयोग अनिवार्य मान्न सकिन्छ । यसर्थ यस क्षेत्रको विकासमा व्यवस्थापन सूचना प्रणालीले देहायबमोजिम भूमिका निर्वाह गर्न सक्छ भन्ने कुरामा दुई मत नहोला :

- Netural but competent service delivery
- Knowledge based communication Administration
- To develop competency, capability and professionalism
- Rational decision making
- Use e-Governance
- Change mangement
- To Develop Enterpreneurship and enterprising system
- To use management control system
- Logical incrementalism
- Early warning system
- Transparency, fairly decision and Automation
- Continuity and consistency

**सन्दर्भ सामग्री**

१. नेपालको अन्तरिम संविधान, २०६३
२. सूचनाको हकसम्बन्धी ऐन, २०६४
३. ३ वर्षे अन्तरिम योजना, २०६४
४. आ.व.०६४।६५ को बजेट वक्तव्य
५. प्रा.डा. भीमदेव भट्ट, विकास प्रशासन
६. Dr. Govinda Ram Agrawal, Organization and Management in Nepal
७. Keen Peter G.W.Information System and Organization Change ●